आज मिति २०७६/११/८ गते विहिबारका दिन शिवालय गाउँपालिका, सिमा जाजरकोटमा यस गाउँपालिकाका अध्यक्ष श्री नरेन्द्र कुमार शाहीज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री नरेन्द्र कुमार शाही | अध्यक्ष |
| श्री कुमारी थापा | उपाध्यक्ष |
| श्री मान वहादुर पुन | वडाध्यक्ष वडा नं. १ |
| श्री प्रेम बहादुर बस्नेत | वडाध्यक्ष वडा नं. २ |
| श्री प्रेमदेव शर्मा | वडाध्यक्ष वडा नं. ३ |
| श्री तेज बहादुर बुढा | वडाध्यक्ष वडा नं. ४ |
| श्री चित्र प्रसाद रेग्मी | वडाध्यक्ष वडा नं. ५ |
| श्री भक्त बहादुर थापामगर | वडाध्यक्ष वडा नं. ६ |
| श्री विरवल खत्री | वडाध्यक्ष वडा नं. ७ |
| श्री जसविर वली | वडाध्यक्ष वडा नं. ८ |
| श्री दिपक बहादुर खड्का | वडाध्यक्ष वडा नं. ९ |
| श्री शेर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री कालो बादी | कार्यपालिका सदस्य |
| श्री सिर्जना रेग्मी | कार्यपालिका सदस्य |
| श्री बालकुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री रामसरी राना | कार्यपालिका सदस्य |
| श्री विपना बुढा | कार्यपालिका सदस्य |
| श्री धनीराम शर्मा | सचिव |

आमन्त्रित

श्री अनिल कुमार पाण्डे अधिकृत कर्म (प्रशासन)

प्रस्तावहरु

१. छैठौं गाउँसभा सम्बन्धमा ।

२. नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम योजना सम्बन्धमा ।

३. शिक्षा समिति पुनर्गठन सम्बन्धमा ।

४. अध्यक्ष कप रनिङ्ग शिल्ड सम्बन्धमा ।

५. प्रतिक्षालय निर्माण सम्बन्धमा ।

६. लोकसेवा तयारी सहयोग सम्बन्धमा ।

७. पारिश्रमिक भुक्तानी सम्बन्धमा ।

८. बेरुजु असुली सम्बन्धमा ।

९. फर्निचर बाँडफाँडका लागि विद्यालय छनौट सम्बन्धमा ।

१०. मोटरसाइकल खरिद सम्बन्धमा ।

११. कर संकलकको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धमा ।

१२. विविध तथा अन्य प्रासंगिक विषय ।

## निर्णयहरु

### निर्णय नं. १

प्रस्ताव नं. १ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाको आ.व. २०७६/७७ को विधान सभा यही २०७६ साल चैत्र २१ गते शुक्रबार आह्वान गर्ने निर्णय गरियो ।

### निर्णय नं. २

प्रस्ताव नं. २ मा छलफल गर्दा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम II तथा शिवालय गाउँपालिकाको संयुक्त लगानीमा सञ्चालन गरिने आयोजनाहरुमध्ये मोर्क जाँत तटबन्धन निर्माण कर्णाली प्रदेशबाट बजेट व्यवस्था भएको र अन्य आयोजनाहरु बजेट अभावका कारण कार्यान्वयन गर्न नसकिने भएकोले देहायबमोजिमका आयोजनाहरु मात्र यस आ.व. २०७६/७७ मा कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

१. काउला सल्लेरी खानेपानी आयोजना, शिवालय ५

२. वडाकाँडा नान्ने खानेपानी आयोजना, शिवालय ९

३. वडाखेत सिंचाई आयोजना, शिवालय ७ ८५

४. नेपा सिंचाई आयोजना, शिवालय २

प्रमुख प्रशासकीय अधिकृत

## निर्णय नं. ३

प्रस्ताव नं. ३ मा छलफल गर्दा यस शिवालय गाउँपालिकामा गठित शिक्षा समिति पुनर्गठन गर्नुपर्ने भएकोले सो को लागि यस कार्यपालिकाले छनौट गर्ने सदस्यहरुमा साविककै सदस्यहरुलाई निरन्तरता दिने निर्णय गरियो ।

## निर्णय नं. ४

प्रस्ताव नं. ४ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाद्वारा आयोजना गरिने अध्यक्ष रनिङ्ग शिल्ड प्रतियोगिता यही मिति २०७६ चैत्र १८ गतेदेखि २० गतेसम्म आयोजना गर्ने निर्णय गरियो ।

## निर्णय नं. ५

प्रस्ताव नं. ५ मा छलफल गर्दा शिवालय गाउँपालिकाको पाँचौ गाउँसभाद्वारा पारित आ.व. २०७६/७७ को स्वीकृत वार्षिक विकास कार्यक्रममा राखिएको प्रतिक्षालय निर्माण शिर्षकबाट देहायका स्थानहरुमा प्रतिक्षालय निर्माण गर्ने निर्णय गरियो ।

तपसिल

१. शिवालय गाउँपालिकाको केन्द्र ऐरेली बजारमा

२. शिवालय गाउँपालिकाको प्रशासनिक भवन प्रागङ्गमा

३. अध्यक्षको निवासस्थान प्रागङ्गमा

४. शिवालय गाउँपालिका वडा नं. २,

## निर्णय नं. ६

प्रस्ताव नं. ६ मा छलफल गर्दा यस शिवालय गाउँपालिकाद्वारा लोक सेवा आयोग तयारी गर्ने विद्यार्थीहरुको लागि शिक्षण शुल्क सहयोग गर्ने सम्बन्धमा यस अघि गरिएको निर्णयबमोजिम प्रकाशित सुचना बमोजिम पेश हुन आएका निवेदकहरुलाई निजहरुको पायक पर्ने स्थानमा रहेका त्यस्तो तयारी कक्षा सञ्चालन गर्ने शिक्षण संस्थासँग पत्राचार गरी प्रति विद्यार्थी रु.१०,००० मा नबढ्ने गरी विविध खर्च शिर्षकबाट शिक्षण शुल्क सहयोग गर्ने निर्णय गरियो ।